## पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाबाट प्रकाशित

## स्थानीय राजपत्र

खण्डः १ संख्याः१७ मितिः२०८१/१२/१९

### भाग-२

# वन संरक्षण ऐन, २०८१

कार्यपालिकामा प्रस्तुतः२०८१/०९/२४

गाउँ सभाबाट स्विकृत मितिः२०८१/०९/२५

**प्रस्तावना**

पुथा उत्तरगंगा गाउँपालिका जैविक विविधता र प्राकृतिक स्रोतहरूको धनी क्षेत्र हो। यस क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी, बनस्पति, र वन्यजन्तुहरूको संरक्षण, दिगो उपयोग, र व्यवस्थापनलाई सुनिश्चित गर्न आवश्यक कानूनी संरचना निर्माण गरिएको छ। यस ऐनले स्रोतहरूको व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता, आर्थिक लाभ, र पर्यावरणीय सन्तुलनलाई प्राथमिकता दिन्छ।

### परिच्छेद -१

### प्रारम्भिक



पुथाउत्तरगङ्गागाउँपालिकास्थानीयराजपत्र

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनलाई "वन संरक्षण ऐन २०८१" भनिनेछ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषा:</u>**(१) यस ऐनमा:

**क) "अवैध व्यापार" भन्नाले यस ऐन र ऐन अन्तर्गत बनेका कार्यविधि, निर्देशिका, मापदण्डमा तोकिएको विधि, प्रक्रिया, शर्त र स्वीकृतिबिना गरिने स्रोतहरूको संकलन, प्रशोधन, वा विक्री वितरणलाई जनाउँछ।**

**ख) "गाउँपालिका" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकालाई जनाउँछ।**

ग) **"जडीबुटी"** भन्नाले गाउँपालिकामा पाइने बहुमूल्य औषधिजन्य वनस्पतिहरूलाई जनाउँछ।

घ) **"बनस्पति"** भन्नाले गाउँपालिकामा पाइने सबै प्रकारका वनस्पतिहरूलाई जनाउँछ।

ङ) **"वन्यजन्तु"** भन्नाले संरक्षित र असुरक्षित प्रजातिका पशुपंक्षी, सरीसृप, र अन्य जीवजन्तुहरूलाई जनाउँछ।

**च) "सहकारी संस्था" सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भई गाउँपालिकामा सञ्चालन हुने संस्था जनाउँछ।**

छ) **"स्रोत"** भन्नाले जडीबुटी, बनस्पति, वन्यजन्तु, र जैविक सम्पदाहरूलाई जनाउँछ।

ज) **"संरक्षण"** भन्नाले स्रोतहरूको दीर्घकालीन उपयोगका लागि उचित सुरक्षा र व्यवस्थापनलाई जनाउँछ।

३. **<u>उद्देश्य:</u>** (१)यो ऐनको उद्देश्य निम्नानुसार हुनेछ:

क) बहुमूल्य जडीबुटी, बनस्पति, र वन्यजन्तुको संरक्षण गर्न ।

ख) स्रोतहरूको दिगो उपयोगमार्फत आर्थिक विकासमा योगदान गर्न।

ग) जैविक विविधताको सुरक्षा र संरक्षण गर्न।

घ) स्रोतहरूको व्यापारलाई व्यवस्थित गर्दै आन्तरिक राजस्व वृद्धि गर्न।

ङ) स्थानीय समुदायको सहभागिता र रोजगार सिर्जना गर्न।

## परिच्छेद -२

## स्रोतहरूको संरक्षण र व्यवस्थापन

४. **स्रोतहरूको सूचीकरण**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा पाइने जैविक स्रोतहरूको व्यवस्थित सूची तयार गर्न निम्न कार्यहरू गर्नुपर्नेछ:

**क)**स्रोतहरूको पहिचानका लागि प्रारम्भिक सर्वेक्षण सञ्चालन।

ख) स्रोतको मात्रा, गुणस्तर, र आर्थिक महत्त्वको आकलन।

ग) स्रोतको प्रयोग, संरक्षण अवस्था, र जोखिमको स्तरको मूल्यांकन।

घ) स्रोतहरूको सामाजिक, सांस्कृतिक, र आर्थिक महत्त्वको अध्ययन।

(२) उपदफा १ बमोजिमको सूचीकरण प्रक्रियामा निम्न पक्षहरूको सहभागिता अनिवार्य हुनेछ:

क) जनप्रतिनिधिहरू।

ख) जैविक विविधता र स्रोत व्यवस्थापनमा अनुभव भएका प्राविधिक विज्ञहरू।

ग) महिला, दलित, र अन्य सिमान्तकृत समूहका प्रतिनिधिहरु

(३) उपदफा १ बमोजिमक सूचीकरण गर्ने क्रममा निम्न मापदण्ड अपनाइनुपर्छ:

क) स्रोतको वर्गीकरण (जस्तै, जडीबुटी, बनस्पति, वन्यजन्तु, आदिमा)।

ख) दुर्लभ, लोपोन्मुख, र अति संवेदनशील स्रोतहरूको छुट्टै सूची बनाउने।

ग) स्रोतहरूको भौगोलिक वितरण र संरक्षण अवस्था अभिलेख गर्ने।

(४) सूचीकरणबाट प्राप्त डाटालाई डिजिटल र भौतिक दुवै स्वरूपमा सुरक्षित गर्नुपर्छ।

(५) सूचीकरणपछि तयार गरिएका प्रतिवेदनलाई सार्वजनिक जानकारीको लागि गाउँपालिकाको वेबसाइट, सूचना पाटी, र स्थानीय सञ्चार माध्यमहरूमा उपलब्ध गराउनुपर्छ।

(६) सूचीकरणको पुनरावलोकन र अद्यावधिक प्रत्येक पाँच वर्षमा निम्न आधारमा गरिनुपर्छ:

क) स्रोतको अवस्था र उपलब्धतामा आएको परिवर्तन।

ख) जलवायु परिवर्तन वा मानवीय क्रियाकलापको प्रभाव।

ग) नयाँ स्रोतहरूको पहिचान।

५. <u>**स्रोतहरूको वर्गीकरण:**</u> (१) गाउँपालिकाले स्रोतहरूको संरक्षण, उपयोग, र व्यवस्थापनलाई व्यवस्थित गर्न स्रोतहरूलाई विभिन्न श्रेणीमा वर्गीकरण गर्नेछ।

(२) स्रोतहरूको वर्गीकरण निम्नानुसार हुनेछ:

**क) अत्यन्त संरक्षित स्रोत**

- दुर्लभ, लोपोन्मुख, र अति संवेदनशील प्रजातिहरू।
- संकलन, प्रयोग, वा व्यापारमा पूर्ण प्रतिबन्ध।
- संरक्षण र पुनर्स्थापनामा मात्र प्रयोग अनुमति।

**ख) संरक्षणीय स्रोत**

- नियमित संरक्षण आवश्यक तर दिगो रूपमा उपयोग गर्न सकिने प्रजातिहरू।
- संकलन र व्यापारका लागि गाउँपालिकाबाट अनुमति र मापदण्ड पालना गर्नुपर्ने।

**ग) सामान्य उपयोगयोग्य स्रोत**

- ग्रामीण समुदायको दैनिक जीवनमा उपयोग गरिने स्रोतहरू।
- सामान्य उपयोगका लागि गाउँपालिकाले तोकेको मापदण्ड पालना गर्नुपर्ने।

(३) स्रोतहरूको वर्गीकरण प्रक्रियामा निम्न मापदण्ड अपनाइनुपर्छ:

- जैविक विविधताको स्थिति (दुर्लभता, लोपोन्मुखता, संवेदनशीलता)।
- स्रोतको प्राकृतिक वासस्थान, परिमाण, र संरक्षण अवस्था।
- स्रोतको सामाजिक, सांस्कृतिक, र आर्थिक महत्त्व।

(४) स्रोतहरूको वर्गीकरणका आधारमा व्यवस्थापन र संरक्षणका लागि विशेष नीतिहरू लागू गरिनेछ।

(५) वर्गीकृत स्रोतहरूको जानकारी सार्वजनिक गर्न गाउँपालिकाको वेबसाइट, सूचना पाटी, र अन्य माध्यमबाट प्रकाशन गरिनेछ।

(६) स्रोतहरूको वर्गीकरण र व्यवस्थापनको लागि समुदायका सरोकारवालाहरूसँग समन्वय र परामर्श गरिनेछ।

पृथ्वीउत्तरगङ्गा गाउँपालिका स्थानीय राजपत्र

(७) स्रोतहरूको संरक्षण, व्यवस्थापन, र उपयोगका लागि सम्बन्धित स्रोतहरूमा आधारित नीतिगत निर्णयहरू

गर्न, वर्गीकरणको विवरण गाउँपालिकाको वार्षिक योजना र बजेटमा समावेश गरिनेछ।

(८) वर्गीकरणको पुनरावलोकन पाँच वर्षको अन्तरालमा गरिनेछ।

६. **स्रोत संरक्षण क्षेत्र घोषणा:** (१) जैविक विविधता, भौगोलिक अवस्थिति, र स्रोतहरूको महत्त्वका आधारमा स्रोत संरक्षण क्षेत्र घोषणा गरिनेछ।

(२) संरक्षण क्षेत्र घोषणा गर्नका लागि निम्न प्रक्रिया अवलम्ब गरिनेछ:
क) कार्यपालिकाको निर्णय।
ख) प्राविधिक विज्ञबाट विस्तृत प्रतिवेदन तयार गराउने।
ग) स्थानीय समुदाय र सरोकारवालाहरूको सहमति प्राप्त गर्ने।

(३) संरक्षण क्षेत्रभित्र निम्न प्रतिबन्धहरू लागु गरिनेछ;

क) स्रोतहरूको अनधिकृत संकलन, दोहन, वा व्यापार।
ख) संरक्षण क्षेत्रमा संरक्षित स्रोतहरूमा क्षति पुऱ्याउने गतिविधि।
ग) वन्यजन्तुको शिकार, अवैध निर्माण, र प्रदूषण फैलाउने कार्य।

(४) संरक्षण क्षेत्रभित्रका गतिविधिहरू व्यवस्थित गर्न विशेष मापदण्ड निर्माण गरिनेछ।

(५) संरक्षण क्षेत्रका सीमा निर्धारण, निगरानी, र सुरक्षाका लागि स्थानीय समुदाय, प्राविधिक विज्ञ, र सरकारी निकायसँग सहकार्य गरिनेछ।

(६) संरक्षण क्षेत्र घोषणा गरिएको ठाउँका स्रोतहरूको दीर्घकालीन संरक्षण र व्यवस्थापनका लागि आवश्यक स्रोत साधन, नीति, र कार्यक्रम लागू गरिनेछ।



पुथाउत्तरगङ्गा गाउँपालिका स्थानीय राजपत्र

(७) संरक्षण क्षेत्रको पुनरावलोकन प्रत्येक पाँच वर्षमा गर्ने व्यवस्था गरिनेछ, जसमा निम्न पक्षहरूलाई ध्यान दिइनेछ:

क) स्रोतहरूको अवस्थामा आएको परिवर्तन।

ख) जलवायु परिवर्तनको प्रभाव।

ग) संरक्षण क्षेत्रमा नयाँ जैविक स्रोतको पहिचान।

(८) संरक्षण क्षेत्र घोषणा, मापदण्ड, र व्यवस्थापनसम्बन्धी जानकारी सार्वजनिक रूपमा उपलब्ध गराइनेछ।

## परिच्छेद ३: संकलन र प्रशोधन

७. **अनुमतिपत्र सम्वन्धि व्यवस्था:** (१) गाउँपालिकाले संकलनको लागि अनुमतिपत्र अनिवार्य लिनुपर्नेछ।

(२) अनुमतिपत्रका लागि दर्ता फारम, आवश्यक दस्तावेजहरू, र तोकिएको शुल्क बुझाउनुपर्नेछ।

(३) अनुमति पत्रबिना कुनै पनि स्रोत संकलनलाई अवैध मानिनेछ।

(४) स्रोत संकलनका लागि गाउँपालिकाले समय, स्थान, र परिमाण तोक्नेछ।

(५) प्राकृतिक स्रोतहरूको दीर्घकालीन उपयोग सुनिश्चित गर्न वैज्ञानिक विधि अपनाइनेछ।

(६) सामुदायिक वन, संरक्षित क्षेत्र, वा स्थानीय स्रोतमा आधारित संकलन गर्दा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

८. **प्रशोधनका लागि मापदण्ड:** (१) प्रशोधन केन्द्र स्थापना गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्नेछ ।

(२) स्थानीय रोजगारी सिर्जना गर्ने र पारदर्शी प्रक्रिया अपनाउने व्यवस्थाका लागि नीति बनाइनेछ।

(३) स्रोत प्रशोधन गर्दा गुणस्तर सुनिश्चित गर्न प्राविधिक विशेषज्ञहरूको सिफारिस आवश्यक हुनेछ।

९. **अनुगमन र प्रतिवेदन:** (१) संकलन र प्रशोधनको अनुगमन गर्न गाउँपालिका र सम्बन्धित वडाले विशेष समिति गठन गर्नेछन्।

(२) प्रत्येक वर्ष अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिक गरिनेछ।

## परिच्छेद ४
## वन्यजन्तु संरक्षण र पुनर्स्थापना:

१०. **अनधिकृत शिकारमाथि प्रतिबन्ध:** (१) अनधिकृत व्यक्तिलाई संरक्षित वन्यजन्तुको शिकार पूर्ण रूपमा प्रतिबन्ध गरिनेछ।

(२) संरक्षित प्रजातिका वन्यजन्तुहरूको शिकार, बिक्री, व्यापार, वा अन्य प्रकारको दोहन अवैध मानिनेछ।

११. **ढोरपाटन सिकार आरक्ष क्षेत्रमा सिकार खेल्ने प्रावधान:** (१) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागबाट अनुमति प्राप्त व्यक्तिहरूले ढोरपाटन सिकार आरक्ष क्षेत्रभित्र सिकार खेल्न सक्नेछन्।

(२) उपदफा १ बमोजिम सिकार खेल्ने व्यवस्थाका लागि गाउँपालिकाले निम्न कार्यहरू सुनिश्चित गर्नुपर्छ:

- राष्ट्रिय निकुन्ज तथा ढोरपाटन सिकार आरक्षसँग समन्वय।
- सिकार क्षेत्रका लागि तोकिएका नियमहरूको अनुगमन।

१२. **वन्यजन्तु पुनर्स्थापनाका लागि कार्यक्रम:**(१) जैविक विविधता संरक्षणको लागि लोपोन्मुख वा संकटग्रस्त प्रजातिहरूको पुनर्स्थापनाका लागि निम्न कार्यक्रम सञ्चालन गरिनेछ:

- संरक्षण क्षेत्रभित्र उपयुक्त वासस्थान निर्माण।



पृथ्वी उत्तरगङ्गा गाउँपालिका स्थानीय राजपत्र

- वैज्ञानिक अध्ययनका आधारमा पुनर्स्थापनाका कार्यक्रमहरू।

(२) पुनर्स्थापनाका लागि प्राविधिक विशेषज्ञहरूको सिफारिसमा नीति निर्माण गरिनेछ।

१३. **निगरानी र सुरक्षा व्यवस्था:**(१) वन्यजन्तुको अवैध व्यापार र शिकार रोक्न निगरानी प्रणाली लागू गरिनेछ।

(२) संरक्षण क्षेत्रभित्र निगरानीका लागि स्थानीय समुदायका सदस्यहरूको सक्रिय सहभागीता गराइनेछ।

१४. **स्थानीय समुदायको सहभागिता:**(१) वन्यजन्तु संरक्षणका लागि स्थानीय समुदायका सरोकारवालाहरूलाई तालिम र जनचेतना कार्यक्रम प्रदान गरिनेछ।

(२) समुदायका लागि संरक्षण गतिविधिमा प्रत्यक्ष सहभागिताको आधारमा प्रोत्साहन र रोजगारका अवसर सिर्जना गरिनेछ।

## परिच्छेद ५
## समिति गठन र काम, कर्तव्य, तथा अधिकार

१५. **स्रोत व्यवस्थापन समिति गठन:** (१) गाउँपालिकाले स्रोत संरक्षण र व्यवस्थापनका लागि स्रोत व्यवस्थापन समिति गठन गर्नुपर्छ।

(२) समितिको संरचना निम्नानुसार हुनेछ:

- अध्यक्ष: गाउँपालिका अध्यक्ष वा तोकिएको सदस्य।
  सदस्यहरू:
- गाउँपालिका उपाध्यक्ष
- प्रमुख प्रशासकीय अधिकृत
- आर्थिक विकास समिति संयोजक
- कार्यपालिका सदस्य २ जना (१ जना महिला)

- सम्बन्धित वडाध्यक्ष (प्रभावित क्षेत्रबाट)
- वन कार्यालयको प्रतिनिधि
- प्राविधिक विज्ञ (जैविक विविधता, जडीबुटी, र बनस्पतिमा अनुभव भएको)।
- सहकारी संस्थाका प्रतिनिधि
- व्यापार व्यवसायीवाट प्रतिनिधि
- स्थानीय समुदायका प्रतिनिधि (महिला र दलित कम्तीमा १/१ जना)।
- स्रोत संरक्षणमा कार्यरत गैरसरकारी संस्था (यदि छन् भने)।
- सदस्य सचिव: गाउँपालिकाका वन तथा वातावरण शाखाका प्रमुख।

(३) समितिमा आवश्यक परे अन्य विशेषज्ञलाई परामर्शदाताका रूपमा राख्न सकिन्छ।

(४) समितिको कार्यकाल पाँच वर्ष हुनेछ।

१६. **समितिका काम र कर्तव्य**: (१) स्रोतहरूको संरक्षण, दिगो उपयोग, र व्यवस्थापनका लागि नीति, योजना, र कार्यक्रम तयार गर्नु।

(२) स्रोतहरूको सूचीकरण, वर्गीकरण, र संरक्षण क्षेत्रको घोषणा गर्न सहकार्य गर्नु।
(३) स्थानीय समुदायलाई स्रोत व्यवस्थापनका लागि आवश्यक तालिम, जनचेतना, र प्रविधि हस्तान्तरणको प्रबन्ध गर्नु।
(४) जडीबुटी, बनस्पति, र वन्यजन्तुको संरक्षणसम्बन्धी मापदण्ड तयार गर्नु र यसको कार्यान्वयन सुनिश्चित गर्नु।
(५) अवैध व्यापार नियन्त्रण गर्न निगरानी र कारबाहीका उपायहरू लागू गर्नु।
(६) स्रोतहरूको दिगो उपयोगबाट प्राप्त राजस्वको व्यवस्थापन र पारदर्शितामा ध्यान दिनु।
(७) सहकारी संस्थाहरू र अन्य सरोकारवालासँग सहकार्य गरी स्रोतहरूको दिगो उपयोग सुनिश्चित गर्नु।

(८) अनुसन्धान केन्द्र र अन्य संस्थासँग सहकार्य गरी जैविक विविधताको संरक्षण प्रवर्द्धनमा सहयोग गर्नु।

१७. **समितिका अधिकार:**(१) स्रोतहरूको सूचीकरण, वर्गीकरण, र संरक्षण सम्बन्धी निर्णय गर्ने।

(२) स्रोतहरूको संकलन, प्रशोधन, र व्यापारका लागि आवश्यक अनुमति जारी गर्ने।

(३) संरक्षण क्षेत्रभित्र हुने गतिविधिको निगरानी र निरीक्षण गर्ने।

(४) स्रोत व्यवस्थापनमा संलग्न सहकारी संस्थाहरूको अनुगमन र मूल्यांकन गर्ने।

(५) ऐन उल्लङ्घन गर्ने पक्षलाई कारबाही सिफारिस गर्ने।

(६) स्रोत व्यवस्थापन र संरक्षणसम्बन्धी गाउँपालिका कार्यपालिकामा सिफारिस पठाउने।

(७) स्रोत संरक्षणका लागि विशेष परियोजना र कार्यक्रमहरू सञ्चालन गर्ने।

१८. **बैठकसम्बन्धी प्रावधान:** (१) समितिको बैठक अर्धवार्षिक रूपमा अनिवार्य रूपमा बस्नुपर्छ।

(२) अध्यक्षले आवश्यकतानुसार बैठक आह्वान गर्न सक्नेछ।

(३) बैठकले निर्णय गर्दा समितिका सदस्यहरूको दुई तिहाइ उपस्थिति अनिवार्य हुनेछ।

(४) बैठकको निर्णय बहुमतका आधारमा हुनेछ।

१९. **प्रतिवेदन पेश गर्ने व्यवस्था :**(१) समितिले हरेक वर्ष वार्षिक प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्छ ।

(२) प्रतिवेदनमा सम्पन्न कार्यहरू, चुनौतीहरू, र आगामी योजना समावेश गर्नुपर्छ ।

**परिच्छेद -६**

## राजस्व र वित्तीय व्यवस्थापन

२०. **शुल्क र दस्तुर :** (१) स्रोतहरूको संकलन, प्रशोधन, र व्यापारका लागि गाउँपालिकाले निम्नानुसार शुल्क निर्धारण गर्नेछ:

क) स्रोतको प्रकार र परिमाणका आधारमा।

ख) संरक्षणको आवश्यकता र आर्थिक महत्त्वका आधारमा।

ग) सामुदायिक सहभागितालाई प्रोत्साहन गर्ने गरी।

(२) शुल्क र दस्तुरहरू वडा कार्यालयमार्फत संकलन गर्नुपर्नेछ ।

(३) राजस्व परिचालन गर्दा प्रभावित वडाहरूलाई निम्न प्राथमिकताका साथ सहयोग गरिनेछ:

क) संरक्षण र व्यवस्थापनका लागि पूर्वाधार विकास।
ख) शिक्षा, स्वास्थ्य, र रोजगारी सिर्जना कार्यक्रम।
ग) स्रोतको संरक्षण, पुनर्स्थापना, र दीर्घकालीन उपयोग सुनिश्चित गर्न।

(४) शुल्क र दस्तुरहरूको विवरण पारदर्शिता कायम गर्न कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(५) शुल्क र दस्तुरका दरहरू प्रत्येक वर्ष आर्थिक ऐनमा गरिनेछ।

२१. **स्रोत संरक्षण कोष स्थापना:**(१)स्रोतहरूको संरक्षण, पुनर्स्थापना, र व्यवस्थापनका लागि विशेष कोष स्थापना गर्नुपर्छ।
(२) कोषको पारदर्शी र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न कार्यविधि निर्माण गर्नुपर्छ ।



पुथाउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

(३) कोषको रकम संरक्षण क्षेत्रको विकास, अनुसन्धान, र स्थानीय समुदायका क्षमता विकासका कार्यक्रमहरूमा खर्च गर्नुपर्छ ।

२२. **राजस्वको परिचालन**:(१) संकलित राजस्वलाई संरक्षण र व्यवस्थापनका अतिरिक्त शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, र स्थानीय पूर्वाधार विकासमा परिचालन गर्नुपर्छ ।
(२) स्रोतहरूको संरक्षण र व्यवस्थापनका लागि दिगो वित्तीय व्यवस्थापन रणनीति अपनाउनुपर्छ ।
(३) स्रोत व्यवस्थापन समितिले राजस्व परिचालन सम्बन्धी वार्षिक प्रतिवेदन गाउँपालिकालाई पेश गर्नुपर्छ ।

२३. **अनुदान र साझेदारी:** (१)संघ, प्रदेश, र अन्तर्राष्ट्रिय निकायबाट संरक्षण र व्यवस्थापनका लागि अनुदान लिने व्यवस्था गर्नुपर्छ।
(२) स्रोत संरक्षण तथा व्यवस्थापनमा साझेदारी परियोजनाहरू सञ्चालन गर्न स्थानीय र अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्नुपर्छ ।

## परिच्छेद ७: स्थानीय समुदायको सहभागिता

२४. **सामुदायिक जनचेतना:** (१वन्यजन्तु संरक्षण र पुनर्स्थापनाबारे स्थानीय ( समुदायलाई जानकारी दिनविविध जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
(२विद्यालय (, सामाजिक संघसंस्था, र महिला समूहहरूलाई वन्यजन्तु संरक्षणका मुद्दाहरूमा समेटेर विशेष शिक्षा अभियान सञ्चालन गरिनेछ।

२५. **सामुदायिक वन संरक्षण मितिहरूको गठन:** (१) वन्यजन्तु संरक्षणका लागि वडास्तरमा सामुदायिक वन संरक्षण समितिहरू गठन गरिनेछ।
(२) यी समितिहरूलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

२६. **स्थानीय रोजगारीको सिर्जना:**(१) वन्यजन्तु संरक्षण कार्यमा स्थानीय जनशक्तिको प्रयोगलाई प्राथमिकता दिइनेछ।



प्रथाउतरगढी गाउँपालिका स्थानीय राजपत्र

(२) संरक्षण कार्य, निगरानी, र पुनर्स्थापनासम्बन्धी कार्यमा स्थानीय व्यक्तिहरूलाई तालिम प्रदान गरी रोजगारीका अवसर सिर्जना गरिनेछ।

२७. **स्थानीय स्रोतको प्रयोग:** (१) वन्यजन्तु संरक्षण र पुनर्स्थापनाका कार्यमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गरिनेछ।

(२) स्थानीय जडिबुटी, जलस्रोत, र वन क्षेत्रको उपयोगबाट संरक्षणका गतिविधिहरूलाई सघाउन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२८. **नीतिगत निर्णयमा सहभागिता:**(१) वन्यजन्तु संरक्षणसम्बन्धी नीतिगत निर्णयमा स्थानीय समुदायका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिनेछ।

(२) गाउँपालिका स्तरमा संरक्षणसम्बन्धी सुझाव संकलन र निर्णय प्रक्रियामा सरोकारवालाको समावेश गरिनेछ।

२९. **संरक्षण कार्यमा समुदायको जिम्मेवारी:**(१) समुदायलाई वन्यजन्तुको संरक्षण र पुनर्स्थापनामा सक्रिय भूमिका दिन प्रेरित गरिनेछ।

(२) संरक्षण क्षेत्रभित्र अवैध गतिविधि रोक्न स्थानीय समुदायलाई निगरानीका लागि जिम्मेवारी तोकिनेछ।

३०. **पुरस्कार र प्रोत्साहन कार्यक्रम:**(१) वन्यजन्तु संरक्षणमा योगदान पुर्‍याउने व्यक्तिहरू वा समूहलाई विशेष सम्मान र पुरस्कार प्रदान गरिनेछ।

(२) प्रभावकारी सहभागिताका लागि प्रोत्साहन योजनाहरू लागू गरिनेछ।

## परिच्छेद -८
## अनुसन्धान र प्रवर्द्धन

३१. **वन्यजन्तु संरक्षणसम्बन्धी अनुसन्धान:** (१) वन्यजन्तुहरूको अवस्था, आवास क्षेत्र, जनसंख्या, र जैविक विविधताबारे विस्तृत अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।

पूर्वउत्तरगया गाउँपालिका स्थानीय राजपत्र

(२) अनुसन्धानमा स्थानीय स्रोत, राष्ट्रिय अनुसन्धान संस्थान, विज्ञहरूको सहभागिता सुनिश्चित गरिनेछ।

(३) अद्वितीय तथा लोपोन्मुख प्रजातिहरूको संरक्षणको लागि वैज्ञानिक अध्ययनलाई प्राथमिकता दिइनेछ।

३२. **अनुसन्धानका लागि आवश्यक पूर्वाधार:**(१) संरक्षण क्षेत्रहरूमा अनुसन्धान तथा डेटा संकलनको लागि लैब, उपकरण, र प्राविधिक स्रोतको विकास गरिनेछ।
(२) अनुसन्धानकर्ताहरूको सहजीकरणका लागि अध्ययन क्षेत्रमा आवास तथा यातायातको व्यवस्था गरिनेछ।

३३. **प्रविधिको उपयोग:**(१) वन्यजन्तु निगरानी र संरक्षणका लागि अत्याधुनिक प्रविधि, जस्तै जिपिएस ट्र्याकिङ, ड्रोन, र डिजिटल डेटा व्यवस्थापन प्रणाली अपनाइनेछ।
(२) संरक्षण गतिविधिहरूको निगरानी तथा मूल्यांकनको लागि प्रविधिमा आधारित समाधानहरू लागू गरिनेछ।

३४. **स्थानीय ज्ञान र परम्पराको उपयोग:**(१) अनुसन्धानमा स्थानीय समुदायद्वारा विकसित ज्ञान, परम्परा, र प्रचलित प्रथाको उपयोग गरिनेछ।
(२) समुदायका अनुभवका आधारमा संरक्षणका प्रभावकारी रणनीतिहरू विकास गरिनेछ।

३५. **संरक्षण प्रवर्द्धन:**(१) वन्यजन्तु संरक्षणका महत्त्व, लाभ, र योगदानबारे स्थानीय र राष्ट्रिय स्तरमा प्रचार-प्रसार गरिनेछ।
(२) संरक्षणसँग सम्बन्धित अभियानहरू सामाजिक सञ्जाल, मिडिया, र सामुदायिक कार्यक्रममा सञ्चालन गरिनेछ।

३६. **संरक्षण पर्यटनको प्रवर्द्धन:**(१) वन्यजन्तु संरक्षण क्षेत्रहरूमा पर्यटकीय आकर्षणको रूपमा विकास गरी संरक्षण पर्यटन प्रवर्द्धन गरिनेछ।

(२) पर्यटकीय गतिविधि सञ्चालन गर्दा संरक्षण क्षेत्रको पारिस्थितिक सन्तुलन र जैविक विविधतालाई प्राथमिकता दिइनेछ।

३७. **प्रोत्साहन कार्यक्रम:** (१) उत्कृष्ट अनुसन्धानकर्ताहरू र प्रभावकारी अनुसन्धान परियोजनाहरूलाई विशेष पुरस्कार र अनुदान प्रदान गरिनेछ।
(२) स्थानीय विद्यार्थीहरूलाई वन्यजन्तु संरक्षणसम्बन्धी अनुसन्धानमा प्रेरित गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

३८. **संरक्षण अभियानको निरन्तरता:**(१) अनुसन्धानका निष्कर्ष र अनुभवका आधारमा संरक्षण अभियानहरूलाई परिमार्जन र सुधार गर्दै अघि बढाइनेछ।
(२) अनुसन्धानले देखाएका चुनौतीहरू समाधान गर्न दीर्घकालीन योजना तयार गरिनेछ।

## परिच्छेद -९

## दण्ड र जरिवाना

३९. **अवैध गतिविधिका लागि दण्ड:** (१) वन्यजन्तु हत्या, चोरी-शिकार, तस्करी, तथा संरक्षण क्षेत्रमा क्षति पुऱ्याउने जस्ता कार्यलाई कडा रूपमा निषेध गरिनेछ।

(२) यस्ता अवैध गतिविधि गर्ने व्यक्तिलाई देहायबमोजिम कारबाही हुनेछ;

- **पहिलोपटक उल्लङ्घन गर्दा:**
  (क) रू. ५,००० देखि ५०,००० सम्म जरिवाना।
  (ख) प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।
- **दोहरिने उल्लङ्घनमा:**
  (क) रू. ५०,००० देखि १,००,००० सम्म जरिवाना।
  (ख) प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

४०. **संरक्षण क्षेत्रमा अनधिकृत प्रवेश:** (१) वन्यजन्तु संरक्षण क्षेत्रहरूमा बिना अनुमति प्रवेश गर्नेलाई पहिलोपटक रू. १०,००० देखि २५,००० सम्म जरिवाना गरिनेछ।

(२) दोहोरिने अवस्थामा जरिवाना रकम रू. ५०,००० सम्म पुऱ्याइनुका साथै प्रचलित कानूनी बमोजिम कारबाही हुनेछ।

४१. **<u>वन्यजन्तु आक्रमण वा क्षतिका लागि प्रतिव्यवस्था:</u>** (१) मानिस वा वन्यजन्तुलाई हानि पुऱ्याउने उद्देश्यले वन्यजन्तुको प्राकृतिक आवासमा हस्तक्षेप गर्ने कार्यलाई दण्डनीय अपराध मानिनेछ।
(२) यस्तो कार्यका लागि रू. १०,००० देखि १,००,००० सम्म जरिवाना र प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

४२. **<u>वन्यजन्तुको तस्करी:</u>** (१) लोपोन्मुख तथा संरक्षित प्रजातिका वन्यजन्तु वा तिनका भागहरूको तस्करीमा संलग्नलाई निम्नलिखित सजाय गरिनेछः

- जरिवाना: न्यूनतम रू. ५,००,००० देखि १०,००,०००।
- प्रचलित कानून बमोजिम कारवाही

(२) तस्करीका सामानहरू जफत गरी सरकारी राजस्वमा दाखिला गरिनेछ।

४३. **<u>आर्थिक क्षतिको भरपाई:</u>** (१) संरक्षण क्षेत्रमा आर्थिक क्षति पुऱ्याउने व्यक्तिलाई पूर्ण क्षतिपूर्ति भराउन बाध्य गरिनेछ।
(२) क्षतिको मूल्याङ्कन स्थानीय निकाय तथा सम्बन्धित विभागले गर्नेछ।

४४. **<u>समुदायको सहयोग नगर्नेप्रति कारबाही:</u>** (१) संरक्षण कार्यक्रम सञ्चालनमा जानाजानी बाधा पुऱ्याउने व्यक्ति वा समूहलाई रू. २५,००० सम्म जरिवाना गरिनेछ।
(२) आवश्यक परेमा यस्ता गतिविधि गर्नेलाई कानूनी प्रक्रियामा ल्याइनेछ।

४५. **<u>ऐन उल्लङ्घन गर्ने संस्थाका लागि:</u>** (१) संस्थागत रूपमा वन्यजन्तु संरक्षण ऐनको उल्लङ्घन गर्नेलाई जरिवाना वा दर्ता खारेज गर्ने प्रक्रिया अघि बढाइनेछ।
(२) संस्थागत दोष प्रमाणित भएमा न्यूनतम रू. ५०,००० देखि अधिकतम रू. १००,००० सम्म जरिवाना गरिनेछ।

४६. **दण्ड र जरिवानाबाट उठेको रकमको प्रयोग:**(१) दण्ड तथा जरिवानाबाट उठेको रकम वन्यजन्तु संरक्षण, पुनर्स्थापना, तथा स्थानीय विकासका कार्यक्रमहरूमा खर्च गरिनेछ।

(२) यस प्रयोजनका लागि छुट्टै कोषको स्थापना गरिनेछ।

## परिच्छेद -१०

## विविध

४७. **कार्यान्वयन निर्देशिका:** (१) ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली, निर्देशिका, र कार्यविधि निर्माण गर्नुपर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा वन्यजन्तु संरक्षणसम्बन्धी कार्यहरूलाई प्राथमिकता दिँदै वार्षिक योजना बनाइनेछ।

(३) योजना कार्यान्वयनका लागि आवश्यक बजेट, जनशक्ति, र अन्य स्रोतको व्यवस्था स्थानीय तह र सम्बन्धित निकायबाट गरिनेछ।

४८. **पुनरावलोकन र संशोधन**: (१) ऐनको कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिनेछ।

(२) गाउँसभाको दुई तिहाई बहुमतले आवश्यक संशोधन गर्न सकिनेछ।

४९. **संशोधन र खारेजी**:(१) यो ऐनलाई गाउँसभाको दुई तिहाई बहुममतले संशोधन गर्न सकिन्छ ।

(२) यस ऐनमा भएका कुनै प्राबधानहरु संघीय र प्रदेश ऐनसँग बाझिएमा ती स्वतः वदर हुनेछ ।